मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
## सिराहा

प.सः ०८२/०८३

### मौजुदा सूचीमा दर्ता हुने सम्बन्धी सूचना

(सूचना प्रकाशन मितिः२०८२/०४/२८)

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सिराहा आ.व. २०८२/८३ को लागि स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनको लागि आवश्यक पर्ने तपसिल बमोजिमका सेवाहरु आपुर्ति गर्न इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी, एवं संस्थाहरुको सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद, सार्वजनिक खरिद नियमाबली, २०६४ को नियम १८ अनुसार मौजुदा सूची तयार गर्नुपर्ने हुँदा तल उल्लेखित कागजातहरु संलग्न राखी सोही नियमावलीको अनुसूची २(क) बमोजिमको ढाँचामा दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

**आवश्यक कार्य तथा सेवाहरुको विवरण**

१. पशुपन्छी तथा मत्स्यका औषधि, भ्याक्सिन, औषधिजन्य सामाग्री, Rapid Test Kit सर्जिकल सामाग्री, कृत्रिम गर्भाधान सम्वन्धी सामाग्री, पशुपन्छीजन्य उत्पादन सामाग्री तथा उत्पादनहरु।

२. प्रयोगशालामा प्रयोग हुने उपकरणहरु तथा रियजेन्ट आपुर्ति सम्बन्धी कार्य।

३. मसलन्द तथा कार्यालय सामान आपुर्ति सम्बन्धी कार्य।

४. सेवा तथा परामर्श सम्बन्धी कार्य।

५. छपाई, प्रकाशन, प्रसारण तथा विज्ञापन सम्बन्धी कार्य।

६. चारपाङ्ग्रे तथा दुई पाङग्रे सवारी साधन आपूर्ति सम्बन्धी कार्य।

७. सवारी साधन मर्मत तथा पाटपूर्जा आपुर्ति सम्बन्धी कार्य।

८. कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशिन, स्क्यानर जस्ता बिद्युतीय मेशिनरी सामान आपुर्ति/मर्मत सम्बन्धी कार्य।

९. फर्निचर तथा फर्निसिङ्ग आपूर्ति र मर्मत सम्बन्धी कार्य।

१०. पत्रपत्रिका तथा पुस्तिका आपुर्ति सम्बन्धी कार्य।

११. धारा, विधुत सम्बन्धी सामान आपुर्ति तथा मर्मत सम्बन्धी कार्य।

१२. भवन तथा पुर्वाधार मर्मत, सम्भार सम्बन्धी कार्य।

१३. खाजा, पानी तथा खाद्य सामाग्रीहरु आपुर्ति सम्वन्धी कार्य।

**निवेदनका साथ संलग्न गर्नपर्ने कागजातहरु**

१. अनुसुची -२(क) बमोजिमको निवेदन ।

२. फर्म वा संस्था दर्ता प्रमाणपत्र ।

३. मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र ।

४. नविकरण तथा कर चुक्ता प्रमाणपत्र।

द्रष्टव्यः माथि उल्लेखित प्रत्येक कार्य तथा सेवाहरुको लागि छुट्टाछुट्टै निवेदन दर्ता गराउनु पर्नेछ। रित नपुगी आएका निवेदनहरुलाई मान्यता दिईने छैन। निवेदनको ढाँचा यस कार्यालयको बेवसाइट httpe://vhlsecsiraha.p2.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

शिव नारायण यादव
**नि.कार्यालय प्रमुख**

फोन नं. +९७७-०३३-५२०००८ ईमेलः vhlsec.siraha@gmail.com बेवसाइटः vhlsecsiraha.p2.gov.np